# गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया

# 엔아르엔에 코리아

# NRNA KOREA

## सामाजिक सुरक्षाकोष, दक्षिण कोरिया

NRNA KOREA

- परिचय
- उद्देश्य
- उपलब्ध सुविधाहरु
- सामाजिक सुरक्षाकोष

# परिचय

- National Pension Service(NPS)
- स्थापना १९८७
- लक्ष्य: पेन्सन र कल्याणकारी सेवाहरु मार्फत जनताको स्थाई खुशी र जीवनमा सहयोग गर्ने
- Vision: विश्वोब्यापी एक अग्रणी पेन्सन कोषमार्फत हरेक पुस्ताका मानिसहरुको खुशीमा योगदान

# NPS बाट विदेशीलाई उपलब्ध सेवाहरु

1). National Pension Plan(राष्ट्रिय पेन्सन योजना):-

- Foreigner and the lump-sum refund “Kuk min yeon geum” (국민연금)

2). Social Security Agreement (सामाजिक सुरक्षा सम्झौता):-

# Foreigner and the lump-sum refund “Kuk min yeon geum” (국민연금)

**कसले प्राप्त गरेका छन् :-**

- ✓ **राष्ट्रिय पेन्सन अधिनियम को धारा १२६ अनुसार जुन देशले कोरियन नागरिकहरुलाई पनि लाभ उपलब्ध गराउने गरि राष्ट्रिय पेन्सन योजना अन्तर्गत एकमुष्ट रकम फिर्ता सम्झौता गरेका छन्:-**

  जहाँ २०१९ जनवरी महिना अनुसार निम्न २७ देशहरु रहेका छन :- (Belize, Grenada, Jordan, Saint Vincent and Grenadine, Zimbabwe, Cameroon, Thailand, Bhutan, Ghana, Sri Lanka, Bermuda, Malaysia, El Salvador, Indonesia, Kenya, Kazakhstan, Hong Kong, Trinidad and Tobago, Sudan, Columbia, Vanuatu, Philippines, Tunisia, Uganda, Switzerland, Turkey and India)

- ✓ **विदेशी नागरिकहरु जसको गृह देशले कोरियासँग एकमुष्ट रकम फिर्ताको भुक्तानीको सम्बन्धमा सामाजिक सुरक्षा सम्झौता गरेको छ ।**

  २०१९ फेब्रअरी महिना अनुसार १८ देश रहेका छन :(Canada, United States, Germany, Hungary, France, Australia, Czech Republic, Belgium, Bulgaria, Slovakia, Poland, Romania, Austria, India, Turkey, Switzerland, Brazil, Peru)

- ✓ **जुनसुकै देशको भए पनि E8 र E9 भिषामा रहेका विदेशीहरु National Pension Scheme मा समिटने छन ।**

# Foreigner and the lump-sum refund “Kuk min yeon geum” (국민연금)

**कसले प्राप्त गर्दैनन्:-**

- **कुनै पनि नागरिक जसको देशको निवृत्तिभरण प्रणालीले अनिवार्य रूपमा कोरियाली नागरिकहरूलाई कभर गर्दैन।**

  जस्तै: (The Republic of South Africa, Nepal, Maldives, Myanmar, Bangladesh, Vietnam, Saudi Arabia, Armenia, Swaziland, Ethiopia, Iran, Kazakhstan, Tonga, Pakistan, Fiji, Cambodia, Singapore, Belarus, East Timor, and Georgia, Nigeria and Malaysia do not mandatorily cover Korean citizens under their pension schemes)

- **कोरियाको अध्यागमन ऐन अनुसार दर्ता नभएका वा सोही ऐन अन्तर्गत कोरिया देखि जबरजस्ती निर्वासनको आदेश जारी गरिएको वा आफ्नो बसोबासको अवधि लम्ब्याउन अनुमति नलिई कोरियामा बसेका विदेशीहरू।**
- **निम्न भिषामा रहेका विदेशीहरु : D-1, D-2, D-3, D-4, D-6, F-1, F-3, or G-1**
- **सामाजिक सुरक्षा सम्झौतामा नरहेका देशका नागरिकहरु।**

# भुक्तानीका लागि योगदान:-

- प्रत्येक महिना सम्बन्धित रोजगारीमा रहेको व्यक्तिले आफ्नो महिनाको जम्मा कमाईबाट ९% रकम योगदान गर्नु पर्ने हुन्छ जहा ४.५% रोजगारदाताले र ४.५% कामदारको तर्फबाट भूक्तानी हुने गर्दछ ।

- उक्त रकम प्रत्येक महिनाको १० तारिख भित्र जम्मा हुनु पर्ने छ ।

# National Pension Plan फाईदाहरु

राष्ट्रिय पेन्सन योजना अन्तर्गत बिमित व्यक्तिहरु वृद्धावस्थामा पुगेपछि, अपाङ्ग वा उत्तरजीवी पेन्सनको  हकदार हुने छन् जस्ले कोरियन नागरिक बराबरको सुविधा प्राप्त गर्न सक्ने छन्।

## Old-age Pension:-

बिमा सुविधाको लागि योगदान गरेको समय १० बर्ष भन्दा बढि समय पुगेपछि ६० वर्ष उमेर पुगेका व्यक्तिहरुलाई वृद्धावस्थाको पेन्सन उपलब्ध हुने छ।  दक्षिण कोरियामा २०३३ सम्म वृद्धावस्थाको पेन्सन पाउने समय बडेर ६५ पुग्ने छ जुन २०१३ साल देखि ५ बर्सको एक एक पटक गरि बढेर ६५ पुग्ने छ। ली नागरिक बराबरको सेवा प्राप्त गर्न सक्ने छन।

## Disability Pension:-

बिमित अवधिमा पनि रोगको उपचार पछि अपाङ्गता भएमा साथै बिमित अवधिमा लागेको चोट पटकहरुलाई हेरी अपाङ्गता तह निर्धारण गरि १,२, र ३ डिग्री अपाङ्गता भएकाहरुलाई वार्षिकी भुक्तान गरिनेछ र चौथो डिग्रिको अपाङ्गता भएकाहरुलाई एकमुष्ट रकम प्रदान गरिने छ।

## Survivor Pension:-

यदि हाल बीमित व्यक्ति वा निवृत्तिभरण लिने व्यक्तिको मृत्यु भयो भने, मृतकको परिवारमा आश्रित व्यक्तिलाई उसको जीवनमा टेवा पुग्ने गरि  जीवित निवृत्तिभरण भुक्तानी गरिनेछ जीवन आश्रित पेन्सन प्रत्येक महिना उपलब्ध गरिने छ।

## Lump-Sum refund:-

सैद्धान्तिक रूपमा, विदेशीहरूलाई एकमुष्ट रकम फिर्ता दिइँदैन, तथापि, विदेशीहरूको मामलामा बिमित ६० वर्षको उमेर पुगेपछि कोरिया छाड्ने समयमा योगदानको बराबरको एक एकमुष्ट  रकम निश्चित ब्याज सहित फिर्ता गरिने छ यदि बिमकको मृत्यु भएमा उसको परिवारलाई फिर्ता गरिने छ। तर रकम प्राप्त गर्न आवश्यक सम्झौता भएका देशका नागरिकहरुको लागि मात्र।

# Social Security Agreement (सामाजिक सुरक्षा सम्झौता):-

- 1999 देखि, कोरियाले द्विपक्षीय सामाजिक सुरक्षा सम्झौताहरूको नेटवर्क स्थापना गरेको छ जसले कोरियाली पेन्सन योजनालाई अन्य देशहरूको तुलनात्मक योजनाहरूसँग समन्वय गर्दछ ।
- यो सम्झौता बहुराष्ट्रिय कम्पनीहरूका साथै आफ्नो करियरको क्रममा विदेशमा काम गरेका व्यक्तिहरूको लागि विशेष चासोको विषय हुन सक्छ ।

# उद्देश्य

1999 देखि, कोरियाले द्विपक्षीय सामाजिक सुरक्षा सम्झौताहरूको नेटवर्क स्थापना गरेको छ जसले कोरियाली पेन्सन योजनालाई अन्य देशहरूको तुलनात्मक योजनाहरूसँग समन्वय गर्दछ । यो सम्झौता बहुराष्ट्रिय कम्पनीहरूका साथै आफ्नो करियरको क्रममा विदेशमा काम गरेका व्यक्तिहरूको लागि विशेष चासोको विषय हुन सक्छ ।

1. **पहिलो, सामाजिक सम्झौताको पहिलो लक्ष्य भनेको व्यक्तिहरुमा आर्थिक भार कम गर्ने रहेको छ।** विदेशमा स्वरोजगार व्यक्तिहरू वा स्थाई या अस्थाई कामदारहरु जसले सामाजिक सुरक्षा अन्तर्गत दुवै देशमा योगदानका लागि भुक्तानी नगरिकन मात्र एक देशमा रकम भुक्तानी गर्न सक्ने छन्। ।(नोट: विवरणहरू सम्बन्धित सम्झौताको आधारमा फरक हुन सक्छ)।
2. **दोस्रो, सामाजिक सम्झौताले व्यक्तिहरूलाई मद्दत गर्ने उद्देश्य राख्दछ,** विदेशमा दिर्गकलिन बासिन्दा या आप्रवाशीहरु जसको दुई देशमा फरक फरक पेशा रहेकोछ छ ति व्यक्तिहरुले दुवै देशको समयावधिलाई जोडेर लाभलिने योग्यता प्राप्त गर्न सक्ने छन्। योगदानको समयावधिका कम हुनाले कुनै पनि एक देशले दिने पेन्सन बिमा प्रणाली अन्तर्गत लाभ प्राप्त गर्ने योग्यता नपुग्न सक्छ यदि यस सम्झौता कायम रहेमा लाभ लिनको लागि योग्यता पुर्याउन सहयोग हुने छ।
3. **तेस्रो, सामाजिक सम्झौताले लाभका लागि सामना व्यहबार लक्ष्य राखेको छ।** यसले सुनिश्चित गर्दछ कि माजिक सुरक्षा प्रणालीको प्रयोगमा अनुबंध हुने जुनसुकै देशका नागरिकहरुलाई सामना रूपमा व्यवहार गरिन्छ।
4. **चौथौ सामाजिक सुरक्षा कोषले व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सुविधा अन्य कुनै सम्झौतामा रहेको तेस्रो मुलुकमा रहेपनि बिना रोकटोक उपलब्ध गराउने छ।**

# सम्झौताका प्रकारहरू

1. **Totalization Agreement.**

   यस सम्झौताले अवधिको कुलीकरण गरि सेवा प्रदान गर्दछ ।

2. **Contributions Only agreement.**

   यस सामाजिक सुरक्षा सम्झौताले दोहोरो पेन्सन बिमा प्रणालीलाई हटाउन मात्र मदत गर्दछ तर यस सम्झौताले अवधिको कुलीकरण गरि सेवा प्रदान गर्दैन।

   कुनै पनि एक सम्झौता गरेको देशको व्यक्ति अर्को सम्झौता गरेको अर्को देशमा रोजगारी वा स्व-रोजगारमा छ मात्र त्यहि एक देशको सामाजिक सुरक्षाले मात्र समेट्न सक्दछ ।

   सामान्यतया यस सम्झौताले समय अवधिको समायोजन, लाभहरुको अधिकारको संरक्षण, समान व्यवहार, एकमुष्ट रकम फिर्ताको भुक्तानी जस्ता सुविधाहरू सम्बन्धी प्रावधानहरू समावेस गर्दैन ।

# The following agreements fall under the category of the totalization agreement:

| **Countries** | entry into force on | **Countries** | entry into force on |
|---|---|---|---|
| Canada | May 1, 1999 | India | November 1, 2011 |
| the United States | April 1, 2001 | Spain | April 1, 2013 |
| Germany | January 1, 2003 | Turkey | June 1, 2015 |
| Hungary | March 1, 2007 | Sweden | June 1, 2015 |
| France | June 1, 2007 | Brazil | November 1, 2015 |
| Australia | October 1, 2008 | Finland | February 1, 2017 |
| Czech Republic | November 1, 2008 | Quebec | September 1, 2017 |
| Ireland | January 1, 2009 | Peru | January 1, 2019 |
| Belgium | July 1, 2009 | Luxembourg | September 1, 2019 |
| Poland | March 1, 2010 | Slovenia | October 1, 2019 |
| Slovakia | March 1, 2010 | Croatia | November 1, 2019 |
| Bulgaria | March 1, 2010 | Turkey | June 1, 2015 |
| Romania | July 1, 2010 | | |
| Austria | October 1, 2010 | | |
| Denmark | September 1, 2011 | | |

# The following agreements fall under the category of the Contributions Only agreement

| **Countries** | entry into force on |
|---|---|
| United Kingdom | August 1, 2000 |
| China | February 28, 2003; Terminated on January 16, 2013 |
| the Netherlands | October 1, 2003 |
| Japan | April 1, 2005 |
| Italy | April 1, 2005 |
| Uzbekistan | May 1, 2006 |
| Mongolia | March 1, 2007 |
| China | January 16, 2013 |
| Switzerland | June 1, 2015 |
| Chile | force on February 1, 2017) focus on the elimination of dual coverage burdens. |

# The following Countries Signed, but not entered into force

| **Countries** | Signed in | **Types of agreement** |
|---|---|---|
| Argentina | November 27, 2018 | Totalization |
| Norway | June 13, 2019 | Totalization |
| Uruguay | July 9, 2019 | Totalization |
| New Zealand | October 29, 2019 | Totalization |
| Philippines | November 25, 2019 | Totalization |

# Lump-sum refund, एकमुष्ट रकम फिर्ता

कुलकरण सम्झौता अन्तर्गत अनुबंध गर्ने देशका नागरिकहरू (क्यानाडा, क्युबेक, संयुक्त राज्य अमेरिका, जर्मनी, हंगेरी, फ्रान्स, अष्ट्रेलिया, चेक गणतन्त्र, बेल्जियम, पोल्याण्ड, स्लोभाकिया, बुल्गेरिया, रोमानिया, अस्ट्रिया, भारत, टर्की, ब्राजिल, पेरु, लक्जमबर्ग, स्लोभेनिया, र क्रोएसिया) कोरियन नागरिकहरूसँग लाभ भुक्तानीको सन्दर्भमा समान रूपमा व्यवहार गरिन्छ, तिनीहरू एकमुष्ट रकम फिर्ताका साथै पेन्सन लाभहरूको लागि योग्य छन्। त्यसकारण, यदि तपाईं (क्यानाडा, संयुक्त राज्य अमेरिका, जर्मनी, हंगेरी, फ्रान्स, अष्ट्रेलिया, चेक गणतन्त्र, बेल्जियम, पोल्याण्ड, स्लोभाकिया, बुल्गेरिया, रोमानिया, अस्ट्रिया, भारत, टर्की, ब्राजिल, पेरु, लक्जमबर्ग, स्लोभेनिया, र क्रोएशियाको नागरिक हुनुहुन्छ) मृत्यु, स्थायी रूपमा कोरिया छाड्ने, 60 वर्षको उमेर पुग्दा, वा राष्ट्रिय पेन्सन ऐन अन्तर्गत वृद्धावस्था, अपाङ्गता वा बाँचेको पेन्सनको लागि योग्य हुनु अघि एकमुष्ट रकम फिर्ताको लागि योग्यताका अन्य सर्तहरू पूरा गरेमा, एकमुष्ट रकम फिर्ता गर्न सकिन्छ। तपाईं वा तपाईंको बाँचेकाहरूलाई (तपाईंको मृत्युको अवस्थामा)।

※ सम्बन्धित सम्झौता अनुसार, आयरिश, डेनिस, स्पेनिश, स्विडेनी र फिनिस नागरिकहरूलाई एकमुष्ट फिर्ताको भुक्तानी अनुमति छैन, तर स्विस नागरिकहरूलाई एकमुष्ट फिर्ताको भुक्तानी अनुमति छ।

यदि तपाईको देशको कोरियासँग सामाजिक सुरक्षा सम्झौता छैन भने, तपाईलाई एकमुष्ट रकम फिर्ताको सम्बन्धमा कोरियाली नागरिकहरूसँग समान व्यवहार गरिने छैन, तर पारस्परिक नियम अनुसार व्यवहार गरिन्छ। यस नियम अन्तर्गत, निम्न 24 देशका नागरिकहरूले मात्र कोरियाली एकमुष्ट फिर्ता प्राप्त गर्न सक्छन्:

भुटान, क्यामरुन, ग्रेनाडा, सेन्ट भिन्सेन्ट र ग्रेनाडाइन्स, जोर्डन, थाइल्याण्ड, जिम्बाब्वे (यदि कम्तीमा १२ महिनाको योगदान पूरा भयो भने); बेलीज (यदि कम्तिमा 6 महिनाको योगदान पूरा भयो); बर्मुडा, घाना, मलेसिया, श्रीलंका, सुडान, एल साल्भाडोर, इन्डोनेसिया, काजाकिस्तान, कोलम्बिया, हङकङ, केन्या, फिलिपिन्स, ट्रिनिडाड र टोबागो, भानुअतु, ट्युनिसिया र युगान्डा।

थप रूपमा, विदेशी कामदारहरूको रोजगारीसम्बन्धी ऐनमा तोकिएको विदेशी कामदारको रूपमा राष्ट्रिय निवृत्तिभरणले कभर गरेको कार्यस्थलमा कार्यरत व्यक्तिहरू (अध्यागमन नियन्त्रण ऐनको प्रवर्तन अन्तर्गत E-9 वा H-2 भिसा स्थितिमा पर्छन्)। र औद्योगिक प्रशिक्षार्थी गतिविधिहरू गर्नको लागि प्रवासको स्थिति भएको व्यक्तिको रूपमा राष्ट्रिय निवृत्तिभरणले कभर गर्ने कार्यस्थलमा कार्यरत व्यक्तिहरू र अध्यागमन नियन्त्रण ऐनको धारा 10 अन्तर्गत आवश्यक प्रशिक्षण अवधिहरूमा तोकिएको प्रशिक्षण स्थानहरू त्याग गर्दैनन्। इमिग्रेसन कन्ट्रोल एक्टको प्रवर्तन डिक्री अन्तर्गत E-8 भिसा स्थिति) एकमुष्ट रकम फिर्ताको लागि योग्य छन्।

# हामी के गर्न सक्दछौ ?

✓नेपाली राजदुतवास सौल दक्षिण कोरिया र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद दक्षिण कोरियाको सहकार्यमा थप विस्तृत अध्ययन।

✓नेपाल र नेपालीका लागि आवश्यक आधारभुत नीति र नियमहरुको लागि दक्षिण कोरियामा सम्बन्धित निकायहरुसंग छलफल।

✓आवश्यक आधारहरुको निर्माण गर्न नेपाल सरकारका सम्बन्धित निकायहरुलाई निरन्तर सुझाव र दबाब।

# धन्यवाद१११